१०३५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५५७/२०७२/०७३

निर्णय नं. ६४८

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ......................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), वाणगंगा नगरपालिका कार्यालय, कपिलवस्तु ...........१ विपक्षी
सूचना अधिकारी, वाणगंगा नगरपालिका कार्यालय, कपिलवस्तु ..................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले वाणगंगा नगरपालिका कार्यालय, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम वाणगंगा नगरपालिका कार्यालय, कपिलवस्तुलाई मिति २०७२।०७।३०, च.नं.५२२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी पठाएको । प्रस्तुत सन्दर्भमा उक्त वाणगंगा नगरपालिका कार्यालय, कपिलवस्तुको मिति २०७२।०९।१७, च.नं.४०५९, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराई सोको बोधार्थ यस आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।